# बँदेलले भेडाबाख्रा खान थाल्यो

अनु आचार्य/नयाँ पत्रिका
रसुवा, १७ वैशाख

गोसाइँकुण्ड गाउँपालिका-५ मा बँदेलले भेडाबाख्रा खान थालेको छ। भेडाबाख्राको साना पाठापाठी बँदेलले खान थालेको स्थानीय किसानले बताएका छन्। हालसम्म गाउँमा बँदेलले भेडाबाख्राका आठवटा पाठापाठी मारेर खाएको स्थानीय किसान दावा फिन्जो तामाङले बताए।

अर्का किसान सेन तामाङले आफ्ना तीनवटा पाठा बँदेलले मारेको बताए। उनले भने, 'पहिला-पहिला त बँदेलले बारीमा आएर आलु र मकै खान्थ्यो, अचेत त भेडाबाख्रा नै खान थाल्यो।'

लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रआसपासमा पर्ने धुन्चे, लाङटाङ, स्याफ्रु, कालिकास्थानलगायतका ठाउँमा केही वर्षयता बँदेल, लंगुरलगायतका जंगली जनावर मानव बस्तीमा पसेर क्षति पुर्‍याउन थालेको छ। पाक्न नपाउँदै जंगली जनावरले बाली खाएर सिध्याउन थालेपछि किसान मर्कामा परेका छन्। जंगली जनावरले दुःख दिन थालेपछि कतिपय किसानले खेतीयोग्य जमिन बाँझो छाड्न थालेका छन्।

कृषकले बारीका वरिपरि आ-आफ्ना जग्गा सुरक्षित गर्न ठुल्ठूला पर्खाल लगाउनेदेखि बुख्याँचा पनि राखेका छन्। तर, वन्यजन्तुले गर्ने क्षतिमा भने कमी आएको छैन। केही वर्षअघिसम्म रसुवाको तल्लो क्षेत्रमा मात्रै बँदेल र लंगुर पाइन्थे। तर, आजभोलि तीन हजार आठ सय मिटरभन्दा माथिल्लो क्षेत्रमा समेत बस्न थालेका छन्।

लाङटाङ राष्ट्रिय निकुञ्जले वन्यजन्तुले कुनै क्षति पुर्‍याए किसानलाई राहत प्रदान गर्न वन्यजन्तु राहत कोष स्थापना गरेको छ।

# एम्बुलेन्स हस्तान्तरण

काभ्रे/ चौँरीदेउराली गाउँपालिका-२, नाग्रेगगर्चेमा अवस्थित महिला सहकारी संस्थाले स्थानीय डिसिडब्लुसी सामुदायिक अस्पताललाई एम्बुलेन्स प्रदान गरेको छ। अस्पतालले प्रयोग गर्दै आएको एम्बुलेन्स बिग्रिएपछि सहकारीले सुविधासम्पन्न एम्बुलेन्स खरिद गरेर अस्पताललाई हस्तान्तरण गरेको हो।

अस्पतालमा आयोजित कार्यक्रममा चौरीदेउराली गाउँपालिकाका अध्यक्ष दिननाथ गौतमले एम्बुलेन्स हस्तान्तरण गरेका हुन्। गौतमले नाग्रेगर्चे महिला सहकारीले अस्पतालाई एम्बुलन्स सहयोग गरेर उदाहरणीय काम गरेको बताए।

अस्पतालका व्यवस्थापक तुलबहादुर वाइबाले नयाँ एम्बुलेन्स प्राप्त भएकाले अब बिरामीले समयमै उपचार सेवा पाउने बताए।

सहकारी संस्थाकी अध्यक्ष लक्ष्मी लामाले नागरिकले समयमै उपचार पाउन भनेर एम्बुलेन्स सहयोग गरिएको बताइन्। डिसिडब्लुसी सामुदायिक अस्पताल १५ शय्याको छ।

## GAURADAHA MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVE, JHAPA
PROVINCE NO. 1, NEPAL

## Invitation for Bid

***First Date of publication : 2076/01/18***

1. The **Gauradaha Municipality** invites **sealed bids** for the following works under National Competitive Bidding.

| Contract Identification No. | Description of Works | Estimated Amount Without VAT (Nrs.) | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|
| R30/15/ 075-076 | Construction of gauradaha ring road(Chainage 35+060 To 44+180) | 86,18,100.51/- | 2,50,000/- | 3,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Gauradaha Municipality Jhapa during office hours or may visit Web portal http://www.gauradahamun.gov.np.
3. A complete set of bidding documents in English may be purchased by the interested bidders upon submission of a written application attaching copies of the Bidders Registration, VAT Registration and Tax Clearance Certificates of F/Y 074/75 at Gauradaha Municipality,Office of Municipal Executive,Province No.01,Nepal and upon payment of a non-refundable fee of NRs. 3000.00 (Nepalese rupees three thousand only) Bidding documents can be purchased within the office hours on or before 30th Day of publication of Notice 2076/02/16.
   **Information to deposit the cost of bidding document in Banking separate Voucher:**
   **Name of the Bank: NIC Asia Bank,Gauradaha Branch**
   **Name of Office: GAURADAHA MUNICIPALITY**
   **Account no. : 87CA503611524002(Sanchit Account For Bid Document)**
   **Account no. : 87CA750361152401(Dharauti Account For Bid Security)**
4. Sealed Bids must be delivered to the Gauradaha Municipality on or before 12:00 Noon of 31th Day of publication of Notice 2076/02/17.Late bids will be rejected. Bids will be opened physically at 2:00 PM on the same day of bid submission in the presence of the bidders or their representatives who choose to attend.
5. Pre-bid meeting will be held in the Gauradaha Municipality at 2:00 PM on 2076/02/07.Detail Information shall be provided to all interested bidders who choose to attend this pre-bid meeting.
6. Bids must be valid for a period of **120 days** after bid opening and must be accompanied by a bid security mounting to a minimum of as described in details of work and issued by commercial bank.
7. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day. In such a case the validity of bid security shall be considered from already specified last date for bid submission.
8. The Municipality office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.